# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKODA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII | DECEMBER 2023 | No. 12


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**यशैया ९:१-६**

१. तापनि सङ्कष्ट परेकाहरूका निम्ति नैराश्य हुनेछैन । पहिले त उहाँले जबूलूनको देश र नप्तालीको देशलाई नम्र तुल्याउनुभयो तर भविष्यमा उहाँले यर्दनका किनारको समुद्र नजिकैको अन्यजातिहरूको गालीललाई सम्मानित तुल्याउनुहुनेछ।

२. अन्धकारमा हिँड्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन् । मृत्युको छायाको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ।

३. तपाईंले त्यस जातिको वृद्धि गराउनुभएको छ र तपाईंले तिनीहरूका आनन्द बढाउनुभएको छ। कटनीको बेलामा मानिसहरू रमाएभैं तिनीहरू तपाईंको सामुन्ने रमाउनेछन् र लूटका माल बाँड्दा मानिसहरू खुसी भएभैं तिनीहरू खुसी हुन्छन् ।

४. किनकि तपाईंले त्यसको बोझाको जुवा र त्यसको काँधको नोल र त्यसलाई अत्याचार गर्नेको लाठो मिद्यानको हारको दिनमा भएभैं चकनाचूर पारिदिनुभएको छ ।

५. लडाइँमा प्रयोग गरेको हरेक सिपाहीका जुत्ता र रगतमा मुछिएको हरेक पोशाक जलाउनलाई छुट्याइएको हुनेछ र आगोको निम्ति इन्धन हुनेछ ।

६. किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ। हाम्रा निम्ति एउटा छोरो दिइएको छ । शासन उहाँको काँधमा हुनेछ । उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ।

# राजकुमारको उपहार !

## THE GIFT OF THE PRINCE!



### रेभ. एन्जलीन सेल्भाकुमारी

म बच्चा छँदै ख्रीष्टिमसले मेरो हृदयमा विशेष स्थान राखेको छ। यसले वर्णनै गर्न नसकिने आनन्द ल्याउँछ। जब म युवा थिएँ, नयाँ लुगाहरू वा उपहारहरू किन्न वा राम्रा रङ्गीन कागज वा बत्तीहरूले घर सजाउन हामीसँग पर्याप्त पैसा थिएन। हामी सीमित खानेकुराको साथमा एउटा सानो कोठामा बस्थ्यौं तर मेरा अभिभावकहरूले हाम्रो बाल्यकाल सुन्दर र अर्थपूर्ण बनाउन सधैं मार्गहरू पाउनुहुन्थ्यो । उहाँको प्रयासको निम्ति मेरो भाइ र म सधैं कृतज्ञ छौं । त्यो अचम्मको समय थियो ! हजुरआमाबुबालाई भेट्ने, आफन्तहरूलाई भेट्ने, बिहान सबेरै आँखा मिच्दै मण्डलीमा जाने, पूरै परिवार भेला भएर सँगै मिठो खाना खान व्यग्रताको साथमा पर्खने, खेलहरू खेल्ने र कहिलेकाहीँ दाजुभाइ, दिदीबहिनीहरू झगडा गर्ने- यी सबै थोकहरूले ती दिनहरूलाई वास्तवमै सुन्दर बनाएका थिए ।

अहिले पनि हरेक वर्ष मैनबत्तीको सुगन्ध, कुकिजहरूको बास्ना, सजाइएका चम्किएका बत्तीहरू र न्यानो क्यारोलहरूको साथमा चिसो बतासले ती सबै सम्झना फिर्ता ल्याउँछ ।

तापनि, केही मानिसहरूका निम्ति ख्रीष्टमस भिन्दै अनुभव हुन सक्छ। यो तनावपूर्ण समय पनि हुन सक्छ, जसले हामीसँग नहुनुभएका प्रियजनहरूको सम्झना दिलाउँछ। अरूले स्वास्थ्य समस्याहरूसँग

*बाँकी पृष्ठ ३ मा*


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



**यूट्यूब ख्रीष्टियान च्यानल**

**तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।**

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....



**मेरो प्राण तपाईंमा लुटुपुटु भएको छ, तपाईंको दाहिने बाहुलीले मलाई समाल्दछ** (भजनसंग्रह ६३:८)।

प्रभुमा प्रिय दाजुभाइ तथा दिदीबहिनी !

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं। हामी ख्रीष्टमस र नयाँ वर्षको उपलक्ष्यमा शुभकामना व्यक्त गर्दछौं।

## बोलावटको प्रतिध्वनि पत्रिका र यूट्यूब सेवकाइहरू

हाम्रो पत्रिका **बोलावटको प्रतिध्वनिका** पाठकहरू र हाम्रो यूट्यूब च्यानलका दर्शकहरूबाट हामीले प्राप्त गरेका सकारात्मक प्रतिक्रियाको निम्ति हामी हाम्रो परमप्रभु परमेश्वरप्रति धन्यवादी छौं। हरेक दिन बिहान २ बजे अंग्रेनी, हिन्दी, तामिल र तेलगू भाषामा सुरु हुनेहाम्रो यूट्यूब च्यानलबाट प्रशारण हुने **पाँच मिनेटको प्रवचन** हेर्न हामी तपाईंलाई उत्साह दिन्छौं। यस उद्देश्यको निम्ति मात्रै तपाईंको मोवाइल फोनमा कृपया हाम्रो मोवाइल नम्बर **९१-९८४१० ७१८५८** सेभ गर्नुहोला। हाम्रो **Echo of His Call यूट्यूब च्यानल** सस्क्राइब गरिदिनुहुन पनि हामी अनुरोध गर्दछौं। यसका अतिरिक्त, मलाई प्रत्यक्ष सम्पर्क गर्न हाम्रो अर्को मोवाइल नम्बर ९१-९८४१२ ७१८५८ कृपया सेभ गर्नुहोला। यी सेवाहरू पूर्णरूपमा नि:शुल्क छन्।

## ग्लोबल भिजन फर युथ एण्ड किड केयर

संसारभरि भएका युवकहरू, युवतीहरू र बालबालिकाहरूको हीतको निम्ति **एक मिनेट प्रार्थना** गर्न हामीले **ग्लोबल भिजन फर युथ एण्ड किड केयर** अभियान सुरुवात गरेका छौं। संसारभरि रहेका धेरै मित्रहरूले यो सेवकाइमा आफ्ना नामहरू दर्ता गर्नुभएको छ। **दर्ता भएका हरेक जनालाई आफूबस्ने देशको समयअनुसार हरेक रात १० बजे तल दिइएका प्रार्थनाका विषयहरूमा प्रार्थना गर्न उत्साह दिइएको छ:**

**"प्रभु, हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको नाउँमा हामी प्रार्थना गर्दछौं कि संसारभरि रहेका हरेक युवकहरू, युवतीहरू र बालबालिकाहरूलाई तपाईंले सम्झनुहोस्- आमेन।"**



*Youth and Kids with Lord Jesus Christ!*

यो प्रार्थनाको परिणामस्वरूप, धेरै युवा वयस्कहरू र बालबालिकाहरू हाम्रो प्रभु येशू ख्रीष्टको निम्ति साक्षीको रूपमा निस्कनेछन्।

सबै महिमा र आदर हाम्रो प्रभु येशू ख्रीष्टलाई मात्रै। आमेन।

तपाईंले आफ्ना बालबालिकाको नाम हामीलाई उपलब्ध गराउनुहुन्छ भने हामी आफ्ना प्रार्थनाहरूमा पनि उहाँहरूलाई समावेश गर्नेछौं। यो उद्देश्यको निम्ति कुनै रकम भेटी पठाउनबाट तपाईं अलग रहनुहोस्।

हाम्रो सेवकाइको अघिल्लो पङ्क्तिमा रहेर सेवा गर्ने हामी धेरै समर्पित सहकर्मीहरू विभिन्न प्रकारका रोगसँग लडिरहनुभएको छ र महत्वपूर्ण नोक्सानी सहनुभएको छ। हामी सम्पूर्ण परमेश्वरका

### हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ। यो आवश्यकताको घडी हो।

HON. EDITOR-IN-CHIEF
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Sis. L. Mariya Anjalin, M.A., M.Sc., B.Ed.
Rev. Dr. K.R. Rajasekaran

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) ◘ BIBLECOR - Postal Courses (3 languages) ◘ YouTube Ministry ◘ Online Courses ◘ Theological Correspondence Courses (2 languages) ◘ Church Planting ◘ Nehemiah Bible Colleges ◘ Gospel Printing Press ◘ Great Commission Partners ◘ St. Paul's Matriculation School ◘ Crusades ◘ Community Development

सेवकहरूको हीत, सुरक्षा र पारिवारिक अवस्थाहरूका निम्ति हामी तपाईंलाई प्रार्थना गर्न अनुरोध गर्दछौं ।

डिसेम्बर ३१ तारिखको दिन राती १० बजे हाम्रो यूट्यूब च्यानलमा यो वर्षको निम्ति हाम्रो नयाँ वर्षको सेवा प्रशारण गरिने छ । तपाईंको उपलब्धतामा तपाईंलाई सो हेर्न स्वागत गर्दछौं । तपाईंको स्थानीय मण्डलीमा उपस्थित हुन हामी तपाईंलाई उत्साह दिन्छौं । आफ्‌ना मण्डलीमा सहभागी हुनु अत्यन्त महत्वपूर्ण हुन्छ ।

जनवरी २, २०२४ देखि जनवरी ७, २०२७ सम्म दिनहुँ बिहान ६ बजेदेखि नयाँ वर्षमा आशिष्‌को निम्ति विशेष प्रार्थनाका बैठकहरू संचालन गरिनेछ ।

हामीले **बोलावटको प्रतिध्वनि** पत्रिका हुलाकको माध्यमबाट वितरण गरिरहेका छौं । तापनि, हरेक जनाले सो प्राप्त गर्नुभएको छैन भन्ने कुरामा हामी जानकार छौं । हाम्रा अपडेटहरू तपाईंले प्राप्त गर्नुभएको छ भनेर निश्चित गर्न कृपया थप सुरक्षाको निम्ति आफ्‌नो ह्वाट्सएप र इमेल ठेगाना हामीसँग बाँड्नुहोला ।

डिसेम्बरको महिनामा हामीले विभिन्न सेवाहरू आयोजना गरेका छौं र बिना कुनै बाधा ती सबैको सफलताको निम्ति हामी तपाईंको प्रार्थनाको लागि आग्रह गर्दछौं ।

तपाईं सबैलाई ख्रीष्टमस र नयाँ वर्षको निम्ति हार्दिक शुभकामना !

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858, E.mail : sam@echoofhiscall.org

*पृष्ठ १ बाट*

वा आर्थिक अभावहरूसँग संघर्ष गरिरहनुभएको हुन सक्छ । केही मानिसहरूको निम्ति दिक्कलाग्दो ख्रीष्टमसको अन्योलता भएको पाउन सक्छन्, जसले एक्लोपना, निरासा वा तनावको भावनातिर लैजान सक्छ । यो समयमा आत्महत्याको दर उच्च हुन्छ भनेर पनि बताइएको छ ।

यसका अतिरिक्त, ख्रीष्टमस डिसेम्बर २५ मा मनाउने वा नमनाउने र यो येशूको जन्मको वास्तविक जन्म मिति हो वा होइन भन्ने बारेमा निरन्तर बहस भइरहेको छ । मेरो निम्ति तथ्यभन्दा विशेष दिनले महत्व राख्दैन किनकि येशू यस संसारमा जन्मनुभयो र त्यो हल्लाउन नसकिने सत्यता हो । परमेश्वरको पुत्र मानिसको पुत्र बन्नुभयो र त्यही कुराले वास्तवमा अर्थ राख्दछ ।

त्यसकारण, मैले प्राप्त गरेको सबैभन्दा महान् उपहार संसारलाई घोषणा गर्न यो अवसरको रूपमा म लिन्छु- येशूको जन्म । मेरो जीवनको अवस्था जस्तोसुकै भए पनि मेरो परिवार र मित्रहरूसँग यो अवसर मनाउन मलाई मन पर्छ । आफ्‌नो परिवार नभएका वा कठिन समयबाट गुज्रिरहेका मानिसहरूलाई पनि समावेश गर्न म संघर्ष पनि गर्छु । यो समयचाहिँ तपाईंसँग भएका मानिसहरूलाई प्रेम, स्याहार र बाँड्ने समय हो ।

ख्रीष्टमसको एउटा पक्षचाहिँ अत्यन्तै सामान्य देखिन्छ, त्योचाहिँ प्रायः उपहार दिने र लिने कुरासँग सम्बन्धित छ । हामीले प्रेम गर्छौं, वास्ता गर्छौं र हाम्रो आनन्द तिनीहरूसँग बाँड्न चाहन्छौं भनेर देखाउन हामीले हाम्रा छोराछोरीको निम्ति नयाँ लुगाहरू र हाम्रा प्रिय जनहरूका निम्ति केही विशेष थोक किनिदिन्छौं । पश्चिमी देशहरूमा मानिसहरूले अगस्तभन्दा अघिदेखि नै ख्रीष्टमसको उपहारहरूको किनमेल सुरु गर्छन् । धेरै देशहरूमा उपहार दिने कुरा यस्तो महत्वपूर्ण ख्रीष्टमस चलन बनेको छ कि कहिलेकाहीं मानिसहरूले मानवजातिलाई पहिले नै दिइएको महान् उपहारमा आनन्द मनाउन वास्तवमा बिर्सन्छन्- येशूको जन्म ।

## येशूको जन्मले हामीलाई पाँच वटा महत्वपूर्ण उपहारहरू प्रदान गरेको छ

## १. प्रतिज्ञा पूरा भएको उपहार !

येशू ख्रीष्टको जन्मले हामीलाई सम्झना दिलाउँछ कि हाम्रो परमेश्वर प्रतिज्ञा पूरा गर्नुहुने परमेश्वर हुनुहुन्छ । उहाँले जे भन्नुहुन्छ, त्यही गर्नुहुनेछ । उहाँ झुटो बोल्ने मानिस हुनुहुन्न वा आफ्‌नो मन परिवर्तन गर्नुहुन्न । सायद केही समय लाग्न सक्छ- कहिलेकाहीं केही पुस्ताहरू पनि- तर उहाँ सधैं आफ्‌नो प्रतिज्ञामा स्थिर हुनुहुन्छ । बाइबलले भन्दछ, **स्वर्ग र पृथ्वी बितेर जानेछ तर मेरो वचन कहिल्यै बितेर जानेछैन** ( मत्ती २४:३५) । तापनि, हामीले प्रायः केही हप्ता, महिना वा वर्षमा सजिलै हरेस खान्छौं । एउटा कुरा हामीले सम्झनु जरुरी छ, जब परमेश्वरले केही कुरा भन्नुहुन्छ, उहाँले त्यो गर्नुहुनेछ । यो हुन सक्छ, हाम्रो जीवनकालको समयमा वा हाम्रा छोराछोरीको जीवनको समयमा पनि । परमेश्वरले यहूदीहरूलाई मसीहको प्रतिज्ञा गर्नुभयो र उहाँले एक जना पठाइदिनुभयो !



***For unto us a Child is born!***

बाइबलका विद्वानहरूले भन्छन्, **येशू ख्रीष्टको जन्मको साथै** पुरानो करारमा भएका करिब ४४ वटा प्रतिज्ञाहरू पूरा भएका थिए । उदाहरणको निम्ति, उत्पत्ति ३:१५ ले अगमवाणी गर्दछ कि स्त्रीबाट मसीह जन्मनुहुनेछ, जुन मत्ती १:२० मा पूरा भएको थियो । उहाँको जन्मस्थानले अर्को प्रतिज्ञा पूरा गरेको छ (मीका ५:२, मत्ती २:१) । म अझै अगाडि जान सक्छु र ती सबै सूचीकृत गर्न सक्छु किनभने पूरा भएका धेरैभन्दा धेरै प्रतिज्ञाहरू छन् तर बुझ्नुपर्ने सबैभन्दा महत्वपूर्ण कुराचाहिँ परमेश्वरका मानिसहरूले ती प्रतित्राहरू पूरा भएको हेर्न वर्षौं पर्खनुपरेको थियो ।

परमेश्वरका प्रिय छोराछोरीहरू, परमेश्वरले तपाईंलाई केही कुराको प्रतिज्ञा गर्नुहुन्छ भने

विश्वासमा निरन्तर प्रार्थना गरिरहनुहोस् । हरेस नखानुहोस् । तपाईंले वर्षा वा आँधी नदेख्नुभएको हुन सक्छ तर तपाईंका खाली स्थानहरू पानीले भरिनेछन् । जब येशूले हुन्छ भन्नुहुन्छ, कसैले पनि हुँदैन भन्न सक्दैन ! उहाँ प्रतिज्ञा कायम राख्नुहुने परमेश्वर हुनुहुन्छ । तपाईंको विश्वासमा रहनुहोस्, केही कुरा समात्नको लागि नभए पनि । परमेश्वरले जे भन्नुभएको छ, त्यो उहाँले पूरा गर्नुहुनेछ ।

ख्रीष्टमसचाहिँ त्यो कुरा सम्झने समय हो, हामीले अझै केही नदेखे पनि परमेश्वरले हाम्रो पक्षमा अझै काम गरिरहनुभएको छ ।

उहाँको समयमा सबै थोकहरू सुन्दर बनिनेछ । उहाँको समयलाई पर्खनुहोस् ! उहाँको समय सिद्ध छ ! "सबै थोकहरू सम्भव छन् ।" एलीशिबा, मरियम, सिमोन र हन्नाले झैं समर्पण गर्नुहोस र निरन्तर पर्खनुहोस् । तिनीहरू सबैले पर्खे र परमेश्वरको प्रतिज्ञा पूरा भएको देखे ।

## २. शान्तिको उपहार !

परमेश्वरबाट आएको दोस्रो महान् उपहार शान्ति हो, जुन उहाँले प्रदान गर्नुहुन्छ । उहाँको नाउँ शान्तिको राजकुमार हो ! शान्ति हाम्रो जीवनको सबैभन्दा महत्वपूर्ण पक्ष हो, तापनि यसलाई नचिनिएको वा प्राप्त नभएको हुन सक्छ । शान्तिबिना केही कुराले पनि अर्थ राख्दैन । हामीसँग ठूलो घर हुन सक्छ, महंगो घर, धेरै तलब पाउने जागिर, पति वा पत्नीबाट मुकुट, धनी पति, प्रतिभावान छोराछोरी हुन सक्छ र हामीसँग शान्ति छैन भने ती सबैमा केही उपयोगी हुँदैन, जुन हामीले प्राप्त गरेका छौं ।

मैले एक पटक एक जना मानिसलाई भेटेको थिए, जसले मेरो मन जितेको थियो, जब उसले मलाई बतायो, "ठूलो घरमा रोएर बस्नुभन्दा सानो घरमा खुसीसाथ म बस्न चाहन्छु ।" वास्तवमै, मेरो हृदय यही कुरामा रहेको थियो ! हामी यस्तो समाजमा बस्छौं, हामी मानिसहरूलाई प्रभाव पार्न जिउँछौं । अरू मानिसहरूले हामीलाई सफल र शक्तिशाली रूपमा देखेको र हाम्रो बाहिरी सम्पत्तिबाट हामीलाई जाँचेको हामी चाहन्छौं । तर भित्री सम्पत्तिको बारेमा के त - शान्ति ?

येशूले भन्नुहुन्छ, "मैले तिमीलाई दिने शान्ति सबै अवस्थाहरूको निम्ति पर्याप्त छ, चाहे तिमीसँग १० अंकको बैंक मौज्दात छ वा एक अंकको मौज्दात छ, चाहे तिमीसँग परिवार छ वा तिमी एक्लो छौ, चाहे तिमी स्वस्थ छौ वा आफ्नो बचत डाक्टरहरू र औषधीहरूमा खर्च गरिरहेका छौ, चाहे तिमी पुरुष हौ वा महिला, जवान वा वृद्धि, यसले केही अर्थ राख्दैन ।" येशूले भन्नुभयो, **हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु** (मत्ती ११:२८) । **म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु, संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ** (यूहन्ना १४:२७) । परमेश्वरले हामीलाई दिनुहुने शान्ति हाम्रो बुझाइ, कल्पनाभन्दा पनि बाहिरको छ । यो त्यही शान्ति हो, जुन दानिएलले गर्जिरहेका सिंहहरूका बीचमा अनुभव गरेका थिए, यो त्यही शान्ति हो, जुन हिब्रू दाजुभाइहरूले दन्कने आगोको बीचमा अनुभव गरेका थिए ।

येशूले दिनुहुने शान्तिको कुनै पनि सिमा छैन । आँधीको बीचमा पनि तपाईंले उहाँको शान्ति अनुभव गर्न सक्नुहुन्छ किनभने उहाँमा हरेक अवस्थाको नियन्त्रण छ । परमेश्वरको ज्ञानबिना केही थोकले पनि हामीलाई छुनेछैन । हामीमा यस्तै प्रकारको आत्मविश्वास हुनुपर्छ । उहाँले हामीलाई कहिल्यै निरास गराउनुहुनेछैन ।

प्रिय मित्रहरू, हुन सक्छ, तपाईं आफ्नो जीवनमा सुख्खा मौसमबाट भएर गुज्रिरहनुभएको छ, हुन सक्छ, तपाईंले अहिले आँधीको जस्तो अवस्था महसुस गरिरहनुभएको हुन सक्छ तर म तपाईंलाई एउटा कुरा बताउँछु, म यस्तो परिस्थितिमा एक पटक होइन, दुई पटक होइन तर धेरैभन्दा धेरै पटक परेकी छु र येशू हिजो, आज र सदासर्वदै एकैनासको हुनुहुन्छ भनेर मैले देखेकी छु ।

उहाँले सधैं मलाई आफ्नो शान्तिले भर्नुभएको छ । आज, तपाईंको अवस्थामा, तपाईंले सामना गरिरहनुभएको परिस्थिति, तपाईं बसिरहनुभएको खाडल वा तपाईंले सामना गरिरहनुभएको गोल्यत जस्तोसुकै भए पनि तपाईंलाई शान्ति दिन परमेश्वरसँग माग्नुहोस् । येशूले तपाईंलाई शान्ति दिनुहुनेछ किनभने उहाँ शान्तिको राजकुमार हुनुहुन्छ ।

के तपाईंलाई थाहा छ, पहिलो ख्रीष्टमस वास्तवमा महान् र शान्तिमय उत्सव थिएन ? त्यसको विपरीत, येशू ख्रीष्टको जन्मको बारेमा सुनेर केही मानिसहरू तर्सिएका थिए । तिनीहरू डराए र तानवग्रस्त भए । तापनि, जब डराएका तर विश्वासयोग्यहरूले यस बारेमा सुने र असल

....Contd. to page 6

RESIDENTIAL BIBLE COURSE
NEHEMIAH BIBLE COLLEGE, Chennai.
Medium : Hindi
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years
Certificate in Ministry
Diploma in Theology
Qualification : 10th Standard & above
Rush for admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ ONLINE CLASSES ARE AVAILABLE ★

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From 2023 December 19 To 2024 January 18

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

**डिसेम्वर १९:** हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज, ईश्वरशास्त्रीय पत्राचार कोर्सले असहायको आवश्यकतामा सेवा गरेको छ ।

**डिसेम्वर २०:** हाम्रा अनुवादकहरू, सहसम्पादकहरू, संयोजकहरू र उहाँका परिवारहरूका निम्ति ।

**डिसेम्वर २१:** मिसनमा काम गर्ने मानिसहरूको ठूलो समर्पणताको निम्ति ।

**डिसेम्वर २२:** हाम्रा समर्पित कर्मचारीहरूका परिवारहरूमाथि आशिष्को वर्षाको निम्ति ।

**डिसेम्वर २३:** सबै प्रकारका दुष्ट शक्तिबाट हाम्रो सिनियर पास्टर र उहाँका परिवारका सदस्यहरूका निम्ति सुरक्षाको निम्ति ।

**डिसेम्वर २४:** हाम्रो **नहेम्याह बाइबल कलेजमा** दोस्रो त्रैमासिक सफलतापूर्वक सम्पन्न हुनमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

**डिसेम्वर २५:** यो वर्षभरि हाम्रो ख्रीष्टियान उत्सवमा परमेश्वरको निम्ति ।

**डिसेम्वर २६:** १६ वटा भाषाहरूमा भएका हाम्रा सबै प्रकाशनहरूका निम्ति दर्ता प्रमाणपत्र प्राप्त गर्न हामीलाई आशिष् दिनुभयो ।

**डिसेम्वर २७:** हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका साथै उहाँका परिवारमाथि परमेश्वरको कृपाको निम्ति ।

**डिसेम्वर २८:** हाम्रो **बाइबलकोर पत्राचार कोर्स** र **ईश्वरशास्त्रीय पत्राचार कोर्सको** वृद्धिको निम्ति ।

**डिसेम्वर २९:** हाम्रा छापाखानामा १६ वटा भाषाहरूमा हाम्रा पत्रिका छाप्न र प्रकाशन गर्न र ती मिसनको क्षेत्रहरूमा वितरण गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

**डिसेम्वर ३०:** यो वर्षभरि नै हाम्रा **नहेम्याह बाइबल कलेजहरूको** सूचारु संचालनको निम्ति ।

**डिसेमवर ३१:** वर्ष २०२३ भरि हाम्रा आवश्यकताहरू आश्चर्यजनक रूपमा पूरा गर्नुभएको निम्ति ।

**जनवरी १:** नयाँ वर्ष २०२३ भरि नै संसारभरि रहेका सम्पूर्ण मानिसहरू र पाठकहरूप्रति शान्ति छाएको होस् ।

**जनवरी २:** २०२४ भरि असल प्रतिज्ञाहरूका साथमा सम्पूर्ण मण्डलीहरू र विश्वासीहरूमाथि आशिष्को निम्ति ।

**जनवरी ३:** २०२४ भरि नै सम्पूर्ण ख्रीष्टियान संस्थाहरू र मण्डलीहरूमाथि आशिष्को निम्ति ।

## कृपया प्रार्थना गरौं...

**जनवरी ४:** युवाहरूका बीचमा भएको हिंसा र हत्याको उन्मूलन र तिनीहरू पवित्र आत्माले भरिऊन् ।

**जनवरी ५:** सम्पूर्ण परिवारहरूमा शान्ति छाएको होस् ।

**जनवरी ६:** संसारका अगुवाहरू ईश्वरीय बुद्धिले भरिएका होऊन् र मानिसहरूका हीतको निम्ति काम गरून् ।

**जनवरी ७:** संसारभरि भएका मानिसहरूको आम्दानी सुधारिएको होस् ।

**जनवरी ८:** संसारभरि सम्पूर्ण ख्रीष्टियान शैक्षिक संस्थाहरूको असल चरित्र कायम भएको होस् ।

**जनवरी ९:** ख्रीष्टियानहरूले परमेश्वरको वचन पछ्याऊन् र ख्रीष्टको जस्तै चरित्र देखाऊन् ।

**जनवरी १०:** देशहरूका बीचमा शान्ति र आर्थिक विकासको निम्ति ।

**जनवरी ११:** २०२४ वर्ष पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूमाथि परमेश्वरको शक्तिशाली हात रहेको होस् ।

**जनवरी १२:** सबै मण्डलीहरूमा दुष्ट शक्तिहरूका विरुद्ध ईश्वरीय सुरक्षाको निम्ति ।

**जनवरी १३:** सम्पूर्ण मण्डलीहरू र ख्रीष्टियान संस्थाहरू वैधानिक रूपमा सरकारमा दर्ता भएका होऊन् ।

**जनवरी १४:** हाम्रो संस्थाको निम्ति उपयुक्त कर्मचारीहरू प्राप्त गर्नको निम्ति ।

**जनवरी १५:** हाम्रा सेवकाइका साझेदारहरू र राज्य संयोजकहरूको क्रियाकलापहरूमा सफलताको निम्ति ।

**जनवरी १६:** हाम्रो सिनियर पास्टरको जीवनी सफलतापूर्वक सम्पन्न हुनको निम्ति ।

**जनवरी १७:** हाम्रो सेवकाइको बिस्तार र विश्वव्यापी रूपमा सुसमाचारको फैलावटको निम्ति ।

**जनवरी १८:** यो महिनाको निम्ति हाम्रा आवश्यकतामाथि परमेश्वरको उपलब्धताको निम्ति ।

पृष्ठ ४ बाट

समाचारमा विश्वास गरे, तिनीहरूले आनन्द गर्न सुरु गरे। जब स्वर्गदूत गोठालाहरूकहाँ देखा परे, तिनले भने, **"... नडराओ... म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ"** (लूका २:१०)। तिनीहरू साधारण विश्वास भएका सामान्य मानिसहरू थिए।

हाम्रो शान्तिलाई भंग गर्ने अर्को महत्वपूर्ण कुरा छः घृणा र क्षमा नदिने कुरा।

यसले मलाई एउटा कविताको याद दिलाउँछः

**विषको रूख,** विलियम ब्लेक

***म मेरो साथीसँग रिसाएको थिएँ,***
***मैले मेरो क्रोधलाई भनें, मेरो क्रोधले अन्त्य गरेको थियो।***
***म आफ्ना शत्रुसँग रिसाएको थिएँः***
***मैले त्यसलाई भनिनँ, मेरो क्रोध वृद्धि भएको थियो।***

***अनि मैले त्यसलाई भयमा पानी हालें,***
***दिन र बिहानी मेरो आँसुको साथमाः***
***मैले त्यसलाई मुस्कानको साथमा घाम लगाएँ,***
***अनि नरम छली योजनाको साथमा।***

***अनि त्यो दुवै दिन र रात वृद्धि भयो।***
***उज्यालो स्याउ त्यसले नजन्माएसम्म।***
***अनि मेरो शत्रुले त्यो चम्किरहेको देख्यो,***
***अनि त्यो मेरो थियो भनेर त्यसलाई थाहा थियो।***

***अनि मेरा बगैंचामा चोर्‍यो,***
***जब रातले पोललाई छोपेको थियो,***
***बिहानी म खुसी देख्छु,***
***मेरो शत्रु रूखमुनि फैलियो।***

यो मलाई सधैं मन पर्ने कविता हो।

हामीले क्षमा गरौं र अगाडि बढौं। त्यसपछि मात्रै हामीले शान्ति पाउनेछौं। हामीले आफ्नो हृदयमा क्षमा नदिने कुरामा समाति राख्छौं भने शान्ति हामीबाट भाग्छ। हो, मानिसहरूले हामीमाथि गलत काम गरेका हुन सक्छन्, गहिरो चोट दिएका थिए, पीडा दिएका थिए वा हाम्रो पछाडि हामीलाई छुरा हानेका हुन सक्छन्। त्यससँग सामना गर्न परमेश्वरलाई देऔं।

सायद तपाईंले आफ्नो जीवनमा कसैलाई अझै पनि क्षमा दिनुपर्नेछ, अब अहिले नै त्यो समय हो। पुनर्मिलाप गर्न सन्देश पठाउनुहोस् वा फोन गर्नुहोस्। त्यस्तो गर्दा परमेश्वरले तपाईंलाई शान्ति प्रदान गरून्।

## ३. उहाँको उपस्थितिको उपहार !

परमेश्वरबाट आएको तेस्रो उपहार उहाँको उपस्थिति हो। वाह ! कस्तो अचम्मको उपहार ! उहाँको नाउँ इम्मानुएल हो, जसको अर्थ



*In His presence, there is fullness of joy!*

"परमेश्वर हामीसँग" हो। उहाँले हामीलाई कहिल्यै नछोड्ने र नत्याग्ने प्रतिज्ञा गर्नुभएको छ। **उहाँको उपस्थितिमा आनन्दको पूर्णता छ** (भजनसंग्रह १६:११)। राजा दाऊदको जीवनमा हरेक थोक थियो- पैसा, प्रसिद्धी, सम्पत्ति, शक्ति, विजय र यी सबै थोकहरूभन्दा पनि माथि तिनले अझै एउटा कुराको चाहना गरेका थिए- परमप्रभुको उपस्थितिमा रहने, तिनको दरबासमा बस्नुभन्दा पनि। जब दाऊदले पाप गरे, तिनले आफ्नो इज्जतको बारेमा चिन्ता गरेनन्, तिनले पवित्र आत्माको उपस्थितिको बारेमा धेरै चासो राखेका थिए। तिनले भने, **मलाई तपाईंको उपस्थितिबाट नहटाउनुहोस्, न त मबाट तपाईंका पवित्र आत्मा लैजानुहोस्** (भजनसंग्रह ५१:११)।

जब येशू घरमा जानुभयो, उहाँले भन्नुभयो, **"म तिमीहरूलाई सल्लाहकार पठाइदिनेछु। उहाँले तिमीलाई डोर्‍याउनुहुनेछ। उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ"** (यूहन्ना १४:१६)। आजै हामीले आफैंलाई सोधौं, के हाम्रो जीवनमा, हाम्रो परिवारमा, हाम्रो घरमा र पति र पत्नी बीचको हाम्रो सम्बन्धमा परमेश्वरको उपस्थितिको उपहार हामीले पाएका छौं ? के हामीले परमेश्वरको उपस्थितिलाई स्थान दिन्छौं वा यो संसारका

बाँकी पृष्ठ ८ मा

NEHEMIAH BIBLE
EVENING COLLEGE

Chepauk & Santhoshapuram, Chennai.

Medium :Tamil

Registered Candidate for Membership
Asia Theological Association (ATA)

Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years

Certificate in Ministry
Diploma in Theology

Qualification : 10th Standard & above
Rush for Admission!

Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## PLEASE PRAY FOR OUR MINISTRIES AT THE HEAD QUARTERS

1. Prayer Service : 24 hours
2. **BIBLECOR -** Bible Correspondence Courses : English, Tamil & Hindi
3. **ECHO OF HIS CALL** - Monthly Magazines : English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
4. Nehemiah Bible Colleges (Three Centres) (Evening / Residential)
5. Theological Correspondence Courses: English & Tamil
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools : 8.30 a.m. & 4.00 p.m. Sunday
13. **Tamil Services : 8.00 a.m. & 10.00 a.m. Sunday**
14. **Hindi Service : 4.00 p.m. Sunday**
15. **Telugu Service : 5.00 p.m. Sunday**
16. **English & Tamil Service : 6.00 p.m. Sunday**
17. Women's Prayer : 5.30 p.m. Wednesday
18. Men's Prayer : 7.00 p.m. Friday
19. Discipleship Meeting : 6.00 p.m. Saturday
20. House Meetings : 6.30 p.m. Tuesday & Thursday
21. Special Holy Communion : 6.00 a.m. 1st day of each month
22. Ministers Review Meeting : 5.30 p.m. First Saturday
23. Parents' Prayer : 4.00 p.m. First Sunday
24. Night Prayer : 9.30 p.m. Second Friday
25. Fasting Prayer : 9:30 a.m. Third Saturday
26. Holy Communion : Second Sunday Services
27. Youth / Kid Prayer : 10.00 p.m. daily
28. Staff Devotion : 9.00 a.m. daily
29. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## "जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

### प्रभुले सुन्नुहुन्छ र छुटकारा दिनुहुन्छ

### THE LORD HEARS AND DELIVERS!


**"जब धार्मिक जनहरूले पुकार गर्छन्, तब परमप्रभुले सुन्नुहुन्छ र तिनीहरूका सबै सङ्कष्टबाट तिनीहरूलाई उद्धार दिनुहुन्छ"** (भजनसंग्रह ३४:१७)।

सेवकको रूपमा मेरा प्रारम्भिक दिनहरूको समयमा मेरो कम आम्दानीको कारण मैले साधारण जीवनशैली जिउनुपरेको थियो। एक बिहानी मेरो स्वर्गीय मुख्य पास्टर, पास्टर जी. सुन्दरमले मण्डलीमा घोषणा गर्नुभयो कि आउने आइतवार चेन्नाइमा भएको पेरियार थिदल हलमा विशेष बैठक हुनेछ। त्यो समयमा मण्डलीमा जुत्ता मिलाउने सेवकाइको निम्ति म जिम्मेवार थिएँ। त्यसैले, मैले आफ्नो एउटै मात्र राम्रो लुगा सफा गरें र आइतवार प्रयोग गर्नको निम्ति तयार पारें।

अघिल्लो शुक्रवार, एक जना मानिस मलाई भेट्न आउनुभएको थियो र आफैंलाई मेरा मित्रहरूमध्येका एक जना भाइको रूपमा परिचय गराउनुभयो। उहाँले दुई दिनको निम्ति बास दिन आग्रह गर्नुभयो र मैले उहाँलाई मसँगै बस्न अनुमति दिएँ। मेरो पुरानो साथीको भाइलाई सहायता गर्न म खुसी थिएँ।

तापनि, अर्को दिन (शनिवार) म घरबाट टाढा हुँदा उसले मेरा अन्य बहुमूल्य सामानहरूका साथमा आइतवारको सेवाको निम्ति अलग गरिएको लुगासहित मेरा पुराना र नयाँ कपडाहरू बटुल्यो र मलाई अचम्ममा पार्दै भाग्यो। मैले मेरा सबै कपडाहरू र महत्वपूर्ण सामानहरू गुमाएँ।

मेरो अवस्थाको निम्ति म अति दुःखी भएँ किनभने आइतवारको निम्ति अर्को लुगा किन्न मसँग कुनै पैसा थिएन। मैलो लुगा लगाएर जुत्ताको सेवकाइमा मेरो भूमिका पूरा गर्न मेरो निम्ति स्वीकारयोग्य थिएन किनकि मेरो मुख्य पास्टर लुगा र आवरणको बारेमा अत्यन्तै कडा हुनुहुन्थ्यो। म अत्यन्तै दुःखी भएँ र नयाँ लुगाको सेट किन्न केही आर्थिक सहायताको निम्ति आशा गर्दै परमप्रभुतिर फर्कें। मेरो विश्वास धर्मराएको भए पनि त्यो शनिवारको दिउँसो त्यो कठिन अवस्थामा आश्चर्यकर्मको निम्ति परमेश्वरमा विश्वास गर्नुभन्दा अर्को विकल्प मसँग थिएन।



अचानक, मेरो घरबाहिरबाट कसैले मलाई बोलायो। म बाहिर गएँ र उहाँलाई भित्र निम्त्याएँ। उहाँले केही सेतो कपडाहरूको सेटहरूका साथमा एउटा झोला बोकिरहनुभएको थियो। उहाँले मलाई त्यो दिनुभयो र भन्नुभयो, "प्रिय भाइ साम, छ महिनाअघि विदेशमा बस्ने एक जना आफन्तले मलाई केही सेट सेता पाइन्टहरू र सर्टहरू किनिदिनुभएको थियो। ती मेरो शरीरको आकारअनुसार उपयुक्त नभएको हुनाले ती सबै तपाईंलाई दिने योजना गरिरहेको थिएँ किनकि ती तपाईंलाई ठीक्क हुन्छ।" म कृतज्ञता र आनन्दको साथमा भरिएँ किनकि ती सबै कपडाहरू विदेशी सामाग्रीले बनिएका र मेरो नापअनुसार बनाइएको थियो।

अर्को दिन मैले ती सेटमध्ये एउटा लगाएँ र मण्डलीमा गएँ। हाम्रो मुख्य पास्टर जी. सुन्दरमले मलाई तलदेखि माथिसम्म हेर्नुभयो र भन्नुभयो, "भाइ साम, आज तिमीले अत्यन्तै राम्रो लुगा लगाएका छौ।" के भएको थियो र कसरी परमेश्वरले मलाई आशिष् दिनुभयो भनेर मैले उहाँलाई छोटकरीमा बताएँ। उहाँ पनि आनन्दले भरिनुभयो र उहाँको ईश्वरीय शैलीमा मुस्कुराउँदै मेरो ढाडमा निश्चिन्तताको धाप मार्नुभयो। परमप्रभुलाई प्रशंसा भएको होस्।

किनकि भजनसंग्र ३४:१९ मा भनिएको छ, **"धार्मिक मानिसलाई धेरै विपत्ति आइलाग्छन् तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार दिनुहुन्छ।"**

*******

*पृष्ठ ६ बाट*

उपहारहरूलाई ? यो ख्रीष्टमसको अवसरमा हामीले आफैंलाई यो सोध्नुपर्छ।

### ४. परमेश्वरको शक्तिको उपहार !

राजकुमारको अर्को अलौकिक उपहार हाम्रो जीवनमा उहाँको अचम्मको शक्ति हो। येशूको जन्मा उत्पत्ति ३:१५ मा गरिएको प्रतिज्ञाको पूर्णता हो, जुन मुक्तिदाताको पहिलो प्रतिज्ञा हो। यस पदले बताउँछ कि **तेरो र स्त्रीको बीचमा र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्चयाउनेछ र तैले त्यसको कुर्कुच्चो डस्नेछस्** (उत्पत्ति ३:१५)।

शैतानको मानिस जातिको बीचमा स्थायी दुश्मनी यो पदले स्थापित गरेको छ। तापनि, येशूको जन्मले शैतानसँग भएको हरेक शक्तिलाई कुच्च्याएको थियो। परमेश्वरको ईश्वरीय योजनालाई ध्वस्त गर्ने प्रयासमा शैतानले येशूको जन्मको समयमा जन्मेका अन्य शिशुहरूलाई

मारेर स्वर्गीय योजना नष्ट गर्ने प्रयास गरेको थियो। तापनि शैतानको योजना व्यर्थको थियो किनकि परमेश्वरको योजना नष्ट गर्न सकिँदैन । प्रिय छोराछोरी हो, तपाईं र मेरो निम्ति परमेश्वरले राख्नुभएको योजना कसैले पनि नष्ट गर्न सक्दैन । तपाईंको वर्तमान अवस्थाहरूले अन्य कुराहरूलाई नै इङ्गीत गरे पनि याद राख्नुहोस् कि यशैयाले **परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देखे** (यशैया ६:१) । हाम्रो परमप्रभुले राज्य गर्नुहुन्छ ! अन्तिम अधिकार हाम्रो परमप्रभुमा रहेको छ । परमेश्वरले हाम्रो पाइलालाई निर्देशित गर्नुहुन्छ र अगाडि नबढ्न आज्ञा दिँदै समुद्रका छालहरूको सीमा तोकिदिनुहुन्छ। परमेश्वरले घोषणा गर्नुहुन्छ, "मेरो उद्देश्य स्थिर रहनेछ !" हाम्रो परमेश्वर शक्तिशाली र शक्तिमा अचम्मको हुनुहुन्छ !

हामी विजेता भएको र हाम्रा अवस्थाहरू, असफलताहरू, हार, पाप, श्राप र सबैभन्दा धेरै शैतानमाथि विजयी भएको उहाँले चाहनुहुन्छ । हरेस नखानुहोस् ! हामी विजेताभन्दा पनि बढी छौं भनेर ख्रीष्टमसले हामीलाई सम्झना दिलाउँछ । एलीशिबाले श्रापमाथि विजयी भइन्, मरियम सामाजिक विभेदमाथि विजयी भइन् र मानिस जातिले पाप र शैतानमाथि विजय गरेको थियो ।

तपाईंले के कुरालाई पर्खिरहनुभएको छ ? याद राख्नुहोस्, हामी विजेताहरूभन्दा पनि अझ बढी छौं !

## ५. क्षमाको उपहार !

अन्त्यमा, जब परमेश्वरले संसारलाई सृष्टि गर्नुभयो, उहाले त्यो असल, सुन्दर र सिद्ध



*Forgiveness of Jesus Christ*

देख्नुभयो। तापनि, अनाज्ञाकारीताद्वारा पापको प्रवेशको साथमा हरेक थोक परिवर्तन भयो । यो हरेक धर्ममा प्रस्तुत गरिएको धारणा हो । बाइबलले बताउँदछ कि ... **पापको ज्याला मृत्यु हो...** (रोमी ६:२३) । अर्को शब्दमा हाम्रा पापमय कार्यहरूको परिणाम शारीरिक मृत्युसम्म मात्रै सीमित छैन तर आत्मिक मृत्यु पनि हो। पापले हामीलाई परमेश्वरबाट अलग गरेको छ, हामी बीचमा ठूलो खाडल निर्माण गरेर । तापनि, येशू ख्रीष्टको जन्मले यो अलगपनाको अन्त्यलाई इंगीत गर्दछ । जब येशू यस संसारमा आउनुभयो, उहाँको उद्देश्य हाम्रा पापको निम्ति मर्नु र हाम्रो साटो दण्ड भोग्नु थियो। क्रूसमा मरेर येशूले हामीलाई "अनुग्रहको" विशेष उपहार प्रदान गर्नुभयो । ख्रीष्टमसचाहिँ परमेश्वरको शुद्ध, स्वार्थहीन प्रेम सम्झने समय हो, जुन अनुग्रहको माध्यमबाट हामीकहाँ आएको छ। यसका अतिरिक्त, रोमी ८:३४ मा उल्लेख गरिएझैं येशूले हाम्रो निम्ति निरन्तर अन्तरबिन्ती गरिरहनुभएको छ । अनुग्रहले समेट्न नसक्ने कुनै पनि ठूलो पाप छैन र अनुग्रहले काम गर्न नसक्ने कुनै पनि सानो पाप छैन भनेर सम्झनु महत्वपूर्ण कुरा हो ।

प्रिय मित्रहरू, यस संसारको दबाबहरू, हाम्रो दैनिक जीवनका मागहरू र हामीले सामना गर्ने चुनौतीहरूले कहिलेकाहीँ हामीलाई परमेश्वरबाट टाढा लैजान्छ। तपाईंले आफैंलाई परमप्रभुबाट टाढा गइरहनुभएको पाउनुभएको छ भने उहाँमा फर्केर आउने समय अहिले नै हो ।

येशूले हामीलाई प्रेम गर्नुहुन्छ र हामीलाई क्षमा गर्ने चाहना गर्नुहुन्छ । उहाँसँग हाम्रो व्यक्तिगत सम्बन्ध भएको उहाँले चाहनुहुन्छ।

प्रिय मित्रहरू, यो ख्रीष्टमस तपाईंको निम्ति अर्थपूर्ण भएको होस् भनेर म प्रार्थना गर्दछु। राजकुमारका पाँच उपहारहरूमा तपाईंले आनन्द गर्नुभएको होस्। जतिसुकै समय लागे तापनि उहाँ प्रतिज्ञा पूरा गर्ने परमेश्वर हुनुहुन्छ भनेर तपाईंले सधैं सम्झनुभएको होस् भनेर म प्रार्थना गर्दछु। आँधीको बीचमा पनि शान्ति दिने परमेश्वर उहाँ हुनुहुन्छ । हामीले नदेखे पनि वा महसुस नगरे पनि उहाँको उपस्थिति सधैं हामीसँग हुनेछ। हाम्रो अन्तिम श्वाससम्मै उहाँ हामीसँग हुनुहुनेछ । उहाँ शक्तिशाली परमेश्वर हुनुहुन्छ, त्यसैले हामी डराउनुपर्दैन । उहाँले हामीलाई विजेता मात्रै बनाउनुहुनेछैन तर विजेताहरूभन्दा बढी बनाउनुहुनेछ । अन्त्यमा, उहाँ तपाईंलाई आफ्नो अङ्गालोमा बाँध्न र तपाईं जस्तो हुनुहुन्छ, त्यस्तै स्वीकार गर्न पर्खिरहनुभएको छ ।

तपाईंले राजकुमारका पाँच उपहारहरू स्वीकार गर्नुहुन्छ भने तपाईंले ख्रीष्टमसको साँचो अर्थ अनुभव गर्नुहुनेछ !

तपाईं सबैलाई आनन्द, आशिषित, हर्षित र अर्थपूर्ण ख्रीष्टमसको शुभकामना !

*******


**WANTED for**
**NEHEMIAH BIBLE COLLEGE of ECHO OF HIS CALL, Chennai (ATA Candidate)**

1. **DEAN (Residential):** Hindi Theologian with M.Div. / M.Th. Degree & experience.
2. **VICE-PRINCIPAL:** English / Tamil / Hindi Theologian with M.Div. / M.Th. & experience.
3. **CO-ORDINATOR:** With Computer / Typing knowledge in English, Tamil & Hindi.

Eligible candidates may send bio--data to:
E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98410 71858

**URGENT**

We require approximately 1000 Hindi Christian books for **our Nehemiah Bible Colleges**. Kindly inform us about the possibility of obtaining theological Hindi books.

- Pr. S. Sam Selva Raj, Editor
+91-98412 71858

**NEED LIBRARY BOOKS**

We are in need of **Tamil, , English and Hindi books** for our Libraries at **St. Paul's Matriculation School and Nehemiah Bible Colleges.** If you have new or old books in good condition and If you have new or old books in good condition and are willing to donate, please get in touch with us.

- Pr. S. Sam Selva Raj, Editor
+91-98412 71858

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

### यूट्यूब

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps **(Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.)** to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th DECEMBER 2023**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**